# आ.व. २०८०/०८१ को गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको प्रगति विवरण



बारपाक सुलिकोट गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यलय

ताकुकोट, गोरखा

गण्डकी प्रदेश, नेपाल

## बारपाक सुलिकोट गाउँपालिका , गोरखाको संक्षिप्त परिचय :

गण्डकी प्रदेशको ऐतिहासिक तथा प्राचिनतम महत्व बोकेको गोरखा जिल्ला अन्तर्गत पर्ने यस बारपाक सुलिकोट गाउँपालिका जिल्ला सदरमुकाम देखि ३० कि.मि दुरीमा पर्छ । यस बारपाक सुलिकोट गाउँपालिका गाउँपालिका घोषण गर्दा साविकका बारपाक, स्वारा, सौरपानी, ताकुमाझलाकुरीबोट ताकुकोट, पाँचखुवा देउराली र पन्द्रङ गा.वि.स समावेश गरिएको छ । यस गाउँपालिकालाई ८ ओटा वडाहरुमा विभाजन गरिएको छ । यस गाउँपालिकाको क्षेत्रफल २००.६३ वर्ग कि.मि रहेको छ । यस गाउँपालिकाको कुल जनसंख्या २५,३९८ रहेको छ । यस गाउँपालिकाको सीमाना पूर्वमा धार्चे र आरुघाट गाउँपालिका, पश्चिममा अजिरकोट र सिरानचोक गाउँपालिका उत्तरमा चुमनुब्री गाउँपालिका र दक्षीणमा भिमसेन गाउँपालिकासगँ जोडिएको छ । विश्वकै ध्यान केन्द्रित गरेको महाभुकम्प २०७२ को केन्द्र विन्दु बारपाक ऐतिहासिक र पर्यटनकिय रुपले रमणीय सुलिकोट डाँडा प्रसिद्ध सिता गुफा, ताकुकोट माईभगवती रम्तेल पार्क जस्ता सांस्कृतिक र एतिहासिक महत्व बोकेका स्थलहरुले सिगारीएको पवित्र भुमि यस गाउँपालिकाके चिनारी हो । यस गाउँपालिकामा गुरुङ, घले, बराम,ब्राह्मण, क्षेत्री, तामाङ, नेवार, दलित, मगर, मुस्लिम आदि जनजातिहरुको बसोबास रहेको छ । यहाँ मनाईने मुख्य चाडपर्वमा ब्राह्मण क्षेत्री, दलितहरुले दशै तिहार, रहेका छन् । त्यसै गरी बरामहरुले चण्डी पूर्णिमा, गुरुङले ल्होसार, मुस्लिमले ईद आदि मनाउने गर्दछन् ।

**लघु उद्यम विकास कार्यक्रमको संक्षिप्त जानकारी**

नेपाल सरकारले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम ( UNDP) को आर्थिक तथा प्राविधिक सहयोगमा ग्रामिण समुदायहरुका लागि स्थानिय श्रोत साधनको परिचालन मार्फत स्थानीय स्तरमा नै रोजगारीको अवसरहरु सिर्जना गर्ने उद्देश्य राखि सन् १९९८ ( वि.स.२०५५ ) मा लघु उद्यम विकास कार्यक्रम ( मेडेप ) १० जिल्लामा परिक्षणको रुपमा सुरु भएको हो । गरिवीको रेखामुनि रहेका वर्गहरुलाई लक्षित गरिएको यो कार्यक्रमले चरणवद्ध तथा एकीकृत सेवाहरु मार्फत व्यवसायिक सेवाहरु प्रदान गर्ने लघु उद्यम विकास मोडेलमा उद्यमी सिर्जना गर्न सफलता प्राप्त गऱ्यो । कार्यक्रमको सफलता पश्चात् सन् २००४ देखि २००८ सम्मको लागि लघु उद्यम विकास कार्यक्रम दोस्रो चरणको रुपमा २५ जिल्लाहरुमा विस्तार भई कार्यान्वयनमा रहयो । दोस्रो चरणमा वेलायत सरकारको अन्तराष्ट्रिय विभाग ( DFID ), न्युजिल्याण्ड सरकार ( NZAID ) र अष्ट्रेलियन सरकारको अन्तराष्ट्रिय विकास संस्था ( Aus AID ) को सहयोग रहेको थियो ।

मेडेपको प्रथम र दोस्रो चरणको सफलता तथा प्रभावकारीता पश्चात् नेपाल सरकारले पुनःसंयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को अगुवाइमा अष्ट्रेलियन सरकारको अन्तराष्ट्रिय विकास संस्था ( Aus AID ) र क्यानडा सरकारको अन्तराष्ट्रिय विकास संस्था ( CIDA ) को वित्तीय सहयोगमा मेडेपको तेस्रो चरण सन् २००८ देखि २०१३ सम्मका लागि कार्यान्वयनमा रहेको थियो । यो अवधिमा कार्यक्रम थप १३ जिल्लामा विस्तार भई ३८ जिल्ला पुग्यो । यो कार्यक्रमको सफलता तथा प्रभावकारीताबाट आ.व २०६६/०६७ ( सन् २००९ ) देखि नेपाल सरकारले यस कार्यक्रमले विकास गरेको लघु उद्यम विकास मोडेललाई आन्तरिकिकरण गरी गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको रुपमा आफ्नै स्रोतबाट संचालन ( मेडपा ) गर्ने गरी तत्कालिन उद्योग मन्त्रालय मार्फत १८ जिल्लाबाट शुरुवात भई ४५ जिल्लामा कार्यक्रमको विस्तार भयो । यसै क्रममा तत्कालिन जिल्ला विकास समिति र स्थानिय निकायहरुले समेत आफ्नै स्रोत विनियोजन गरी यस लघु उद्यम विकास मोडेललाई आन्तरिकीकरण गरी संचालन गरेको थियो ।

नेपाल सरकार र स्थानीयस्तरमा लघु उद्यम विकास मोडेल आन्तरिकीकरण भैरहेको परिप्रेक्ष्यमा मेडेपा कार्यक्रमलाई संस्थागत गरी ७५ वटै जिल्लामा विस्तार गरी निरन्तरता दिनका लागि नेपाल सरकारले २०७० मा गरिवी निवारणका लागि लघु उद्यम विकासका लागि ५ वर्षे रणनीतिक योजना ( २०७०/०७१-२०७४/०७५ ) स्विकृत गरी यसको कार्यान्वयनका लागि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७० जारि गऱ्यो । नेपाल सरकारले लघु उद्यम विकास मोडेललाई मेडपाको रुपमा आन्तरिकीकरण गरिसकेपछि यसलाई संस्थागत गर्ने र यसका सरोकारवालारुको संस्थागत क्षमता अभिवृद्धि गर्नको लागि (UNDP ) र अष्ट्रेलियन सरकारको विदेशी तथा व्यापार विभाग ( DFAT ) को सहयोगमा चौथो चरणको सन् २०१३ देखि जसलाई २०१८ सम्म कार्यान्वयन भयो । यस चरणमा मेड्पा कार्यक्रम ७७ वटै जिल्लामा विस्तार भई कार्यन्वयनमा रहयो साथै मेडेप परियोजना सन् २०१८ जुलाई देखि बहिर्गमन भयो ।

जुलाई २०१८ मा मेडेपको वहिर्गमन पश्चात् आ.व. २०७५/०७६ देखि नेपाल सरकारले मेड्पा कार्यक्रमलाई निरन्तरता दिई थप विस्तारका साथ करिव ७५३ वटै स्थानिय तहमा कार्यक्रम संचालनमा छ । सरकारले आर्थिक वर्ष २०७७/०७८ मा गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा ७५३ वटैं स्थानिय तहमा कार्यान्वयन गर्न सर्शत अनुदानका रुपाम वजेट विनियोजन गरेको छ ।

**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ( मेड्पा ) परिचय :**

लघु उद्यमको र प्रवर्द्धनको माध्यमबाट गरिवी निवारणमा सहयोग पुर्यायने उद्देश्यले नेपाल सरकारले स्विकृत गरेको एक कार्यक्रम नै गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम हो । स्थानीय तहमा प्रभावकारी तथा व्यवस्थित रुपमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ( मेड्पा ) संचालन निर्देशिका, २०७७ स्वीकृत गरी लागु गरिएको छ । सोही निर्देशिका बमोजिम यस बारपाक सुलिकाट गाउँपालिकाले उद्यम विकास सहजकर्ता आ.व २०७५/०७६ बाट नियुक्ति गरि कार्यक्रम संचालन गर्दै आइरहेको छ । लघु उद्यम भन्नाले :

१.घर जग्गा बाहेक बढी बिस लाख रुपैयाँ सम्मको स्थिर पुजिँ रहेको ,

२.उद्यमी स्वयमले उद्योग संचालन र व्यवस्थापनमा संग्लन रहेको ,

३.उद्यमी सहित बढीमा नौ जना सम्म काम्दार रहेको ,

४.वार्षिक कारोवार एक करोड भन्दा कम रहेको ,

५.ईन्जिन उपकरण वा मेशिनको प्रयोग गरेको भएमा विधुत ऊर्जा खपत बीस किलोवाट भन्दा कम रहेको ।

❖ . **कार्यक्रमको पृष्ठभूमी** :

यस गोरखा जिल्ला बारपाक सुलिकोट गाउँपालिकामा सामाजिक तथा आर्थिक रुपमा उत्पिडनमा परिएका समुदाय दलित, महिला, जनजाति, आर्थिक हिसावले विपन्न, किसान, मजदुर, वेरोजगार व्यक्ति, वैदेशिक रोजगारिबाट फर्किएर आएका व्यक्ति, एकल महिला , मुस्लिम आदि वर्गलाई स्थानिय स्तरमा उपलब्ध श्रोत साधन र सिपमा आधारित उद्यमको माध्यमबाट रोजगारि सिर्जना गर्न, निर्वाहमुखि परम्परागत कृषिलाई व्यवसायिक कृषिमा रुपान्तरण गर्न, व्यवसायिक पशुपंक्षी पालनको विकास र प्रवर्द्धन गर्न, पर्यटन व्यवसायको विकास र प्रवर्द्धन गर्न, वन पैदावारमा आधारित उद्यम व्यवसाय लगायतका अन्य विभिन्न क्षेत्रमा उद्यम व्यवसायमा आकर्षित गरि आर्थिक समृद्धि हासिल गर्नु अहिलेको आवश्यकता रहेको छ । यसै कुरालाई दृष्टिगत गरि यस गाउँपालिकाको मेड्पा शाखा आ.व. २०८०/०८१ मा गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम ( मेड्पा ) को प्रगति प्रतिवेदन तयार पारेकी छु ।

**कार्यक्रमको उद्देश्य :**

१. स्थानीय स्रोत, सीप र साधनको उपयोग गर्ने ,

२. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने ,

३. युवाहरुको आप्रवासनलाई निरुत्साहित गरी ग्रामीण क्षेत्रमै रोजगारीको सिर्जना गर्ने । वार्षिक करिव ८० हजार जना कामको खोजिमा आउने ।

४.गरीवको आर्यआर्जनमा वृद्धि गरी गरीव र धनी बीचमा आयको खाडल हटाउने ।

५.महिला र सामाजिक रुपमा पछाडि परेका समुदायको आर्थिक सशक्तिकरण गर्ने ।

६. आत्मनिर्भरतामा वृद्धि गर्ने ।

७. स्वास्थ्य, शिक्षा जस्ता आधारभुत आवश्यताको परिपूर्ति गर्ने ।

८.समुन्नत समाजको निमार्ण गर्ने ।

**उद्यम विकास शाखाले संचालन गरेका मुख्य मुख्य कार्यहरु :**

**(क). नयाँ लद्यु उद्यमी सिर्जना तर्फ :**

१. प्रारम्भिक सर्वेक्षण तथा बजार श्रोत सम्भाव्यता अध्ययन ।

२. कार्यक्रमबारे अभिमुखिकरण ।

३. सहभागितामुलक ग्रामिण लेखाजोखा ।

४.घरधुरी सर्वेक्षण ।

५.समूह निमार्ण र क्षमता अभिवृद्धि ।

६.उद्यमशिलता विकास तालिम संचालन ।

७.प्रविधिक सिप विकास तालिम संचालन ।

८.लद्यु वित्तमा पहुँच तालिम संचालन ।

९. प्रविधि हस्तान्तरण कार्य

१०.लद्यु उद्यम नीति सम्बन्धमा सुशिचित वकालत र पैरवी ।

११.तथ्याङ्क विवरण अध्यावधिक गर्ने कार्य ।

**(ख) भईरहेका लद्यु उद्यमीहरुको स्तरउन्नति तथा प्रविधि हस्तान्रण तर्फ :**

१. आवश्यकता पहिचान तथा व्यवसायिक परामर्श कार्यक्रम ,

२. व्यवसाय सुधार तालिम तथा वस्तुको बजारीकरणमा सहयोग ,

३. आवश्यकता पहिचानको आधारमा स्तरोन्नति सीप विकास तालिम ,

४. आवश्यकता पहिचानको आधारमा प्रविधि हस्तान्तरण ,

५. लद्यु कर्जा समन्वय कार्यक्रम ।

## आ.व २०८०/०८१ मा विनियोजित बजेट तथा खर्च

नेपाल सरकारबाट विनियोन भएको रकम रु १३,००,००० / गाउँपालिकाबाट रु.४००,०००/

नयाँ उद्यमी सिर्जना तर्फ खर्च भएको रकम रु.९७२,४५५.८२ /

पुराना उद्यमीको स्तर उन्नति तर्फ खर्च भएको रकम रु . २४९,१९८/

पुराना उद्यमीहरुलाई प्रविधि हस्तान्तरण तर्फ खर्च भएको रकम रु. १२७,५७६.४/

उद्यम विकास सहजकार्ता तलव तथा पोसाकमा खर्च भएको रकम रु. १६०,२८८/

जम्मा खर्च भएको रकम रु. १,५०९,५१८.२२/

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अर्न्तगत नयाँ उद्यमी सिर्जना गर्दा निम्न शिर्षकमा निम्नानुसार खर्च भएको छ ।

| क.स | विवरण | वास्तविक लागत |
|---|---|---|
| क | सामाजिक परिचालन | २७,६००/ |
| | (१.) वडा स्तरीय अभिमुखिकरण | |
| | (२.) सहभागिता मुलक ग्रामीण लेखाजोखा (पि.आर.ए) | |
| | समूह गठन | |
| ख | उद्यमशीलता विकास तालिम | ७१०४०/ |
| ग | सीप विकास तालिम | ३२७००९/ |
| | सामुहिक सावुन व्यवसाय ( गा.पा ) | ३७०,८१६.८२/ |
| घ | लघ्यू वित्तमा पहुँत | २४,८७०/ |
| ङ | उपयुक्त प्रविधिमा पहुँच | १२२,६००/ |
| च | बजारीकरण | २८५२०/ |
| | जम्मा | ९७२,४५५.८२/ |

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ( मेड्पा ) अर्न्तगत भईरहेका उद्यमीहरुका लागि पुनर्ताजगी तथा स्तर उन्नति एड्भान्स तालिम संचालन गर्दा निम्नानुसार खर्च भएके छ :

| क.स | विवरण | खर्च |
|---|---|---|
| क | स्तरोन्नति तथा पुनताजगी तालिम | २४९,१९८/ |

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा अर्न्तगत समूहमा प्रविधि हस्तान्तरणमा निम्नानुसार खर्च भएको छ ।

| क.स | विवरण | खर्च |
|---|---|---|

| | | |
|---|---|---|
| क | समूहमा प्रविधि हस्तान्तरण | १२७,५७६.४/ |

**आ.व २०८०/०८१ मा लक्ष्य अनुसारको प्रगति**

नयाँ उद्यमी सिर्जना तर्फ २९ जना लक्ष्य

सिर्जना भएका उद्यमीहरु २९ जना

| क्र.स | क्रियाकलाप | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| १ | मेडपा अभिमुखिकरण कार्यक्रम संचालन | २ स्थानमा | ५५ जना बिच सम्पन्न |
| २ | पि.आर ए संचालन | २ स्थानमा | ४० जना बिच सम्पन्न |
| ३ | समूह गठन | २ वटा | २९ जना विच सम्पन्न |
| ४ | उद्यमशीलता विकास तालिम | २ स्थानमा | २९ जना विच सम्पन्न |
| ५ | सीप विकास तालिम | २ स्थानमा | २९ जना विच सम्पन्न |
| | छोटो अवधिको सिप विकास तालिम ( ५ देखि १५ दिन सम्म) | १४ जना | व्यवसायिक सावुन तथा झोल सावुन छोटो अवधिको सिप विकास तालिम संचालन तथा सम्पन्न भएको छ। |
| | छोटो अवधिको सिप विकास तालिम ( ५ देखि १५ दिन सम्मको) | १५ जना | व्यवसायिक सावुन तथा झोल सावुन बनाउने सिप विकास तालिम संचालन तथा सम्पन्न भएको छ। |
| ६ | लघु वित्तमा पहुँच तालिम | २ स्थानमा | २९ जना विच सम्पन्न |
| ७ | उपयुक्त प्रविधिमा पहुँच | २ स्थानमा | २९ जना विच सम्पन्न |
| ८ | बजारीकरण | २ समुहलाई | २९ जना विच सम्पन्न |

स्तर उन्नति तर्फ २० जना लक्ष्य रहेको

२२ जनाले स्तर उन्नति तालिम प्राप्त गरेको

| क्र.स | विवरण | लक्ष्य | उपब्धि |
|---|---|---|---|
| १ | पुनर्ताजगी तथा एड्भान्स तालिम | २० जनाको | २२ जना |

| | | | |
|---|---|---|---|
| | साबुन तथा झोल साबुन बनाउने तालिम ( वडा नं २ र ८ मा ) | | |

पुराना उद्यमीहरुलाई प्रविधि हस्तान्तरण ११ जनाको १ वटा समूहलाई मुढा बनाउन सहजहोस भनि बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ रञ्चोकको देवी लघु उद्यमी समूहमा प्रविधि हस्तान्तरण गरियो ।

**कार्यप्रगति आ.व २०८१/०८१**

१.नयाँ २ वटा र पुरना २ वटा गरि ४ वटा व्यवसाय गाउँपालिकामा दर्ता भएको ।

२. ४ वटा वडामा गरि नयाँ तथा पुराना उद्यमीहरुले आफ्नो व्यवसाय सुरु तथा सुधार गरी तालिम प्याकेज प्राप्त गरी व्यवसायिक सचेतना सम्बन्धि ज्ञान तथा सिप प्राप्त गरेका ।

३.कार्य क्षेत्रका २ स्थानमा ४० जना बिच सहभागिता मुलक लेखाजोखा सम्पन्न भई लक्षित बर्गको छनोट गरी सफल भएको ।

४ .२९ जनालाई मागमा आधारित सिप विकास तालिम प्रदान गरी उनीहरुले व्यवसाय दर्ता गरि संचालन गर्न सफल भएको ।

५. २ वटा नयाँ र १ वटा पुराना उद्यमीहरुको समूहमा प्रविधि सहयोग गनूको साथै पुराना २ वटा समूहमा गरी २२ जना उद्यमीहरुलाई स्तरोन्नति तालिम प्रदान गरिएको ।

६. विभिन्न समस्याहरुबाट जुधिरहेका ६२ जना नयाँ तथा पुराना उद्यमीहरुलाई व्यवसायिक योजना निमार्ण तथा लघुवित्तमा पहुँच प्रदान गरि उद्यमीहरुको व्यवसाय प्रवर्द्धनमा सहयोग पुर्यायने कार्य सम्पन्न भएको ।

## कार्यक्रम संचालन तथा समापनका केही झलकहरु :

## बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ सौरपानीमा अभिमुखिकर कार्यक्रम






## बारपाक सुलिकोट गाउँपालिका वडा नं ७ देउरालीमा अभिमुखिकरण कार्यक्रम






बारपक सुलिकोट गाउँपालिका वडा नं ४ सौरपानीमा सहभागिता मुलक ग्रामीण लेखाजोखा (पी.आर.ए )






बारपाक सुलिकोट गाउँपालिका वडा नं ७ देउरालिमा सहभागिता मुलक ग्रामीण लेखाजोखा (पि.आर.ए )





बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ सौपानीमा उद्यमशीलता विकास तालिम





## बारपाक सुलिकोट गाउँपालिका वडा नं ७ देउरालिमा उद्यमशीलता विकास तालिम






बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ सौरपानीमा सिप विकास तालिम सावुन तथा झोल सावुन






बारपाक सुलिकोट गाउँपालिका वडा नं ७ देउरालिमा सिप विकास तालिम सावुन तथा झोल सावुन






बारपाक सुलिकोट गाउँपालिका वडा नं ७ देउरालिमा लघु वित्तमा पहुँच कार्यक्रम






# बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ सौरपानीमा लघु वित्तमा पहुँच कार्यक्रम





## बारपाक सुलिकोट गाउँपालिका वडा नं ७ देरालिमा नयाँ उद्यमीहरुलाई सावुन बनाउदा प्रयोगमा आउने कटिङ , सिलडि र डब्बाहरु हस्तान्तरण गर्दै गाउँपालिकाको ८०% लागत र उद्यमीहरुको २०% लागतमा



बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ सौरपानीमा नयाँ उद्यमीहरुलाई सावुन बनाउदा प्रयोगमा आउने कटिङ , सिलडिं र डब्बाहरु हस्तान्तरण गर्दै गाउँपालिकाको ८०% लागत र उद्यमीहरुको २०% लागतमा



## नयाँ उद्यमीहरुलाई १ दिने व्यवसाय व्यवसाय बिच अर्न्तक्रिया, बजारीकरण तथा अवलोकन भ्रमण




## आरजिम म्यानुफेक्चरको अवलोकन गदै



# बारपाक सुलिकोट गाउँपालिका वडा नं २ को उद्यमशील लघु उद्यमी समूहमा पुनर्ताजगी तथा स्तर उन्नति तालिम संचालनका केही तस्विरहरु






## बारपाक सुलिकोट गाउँपालिका वडा नं ८ पहरे मनकामनामा स्तरोन्नति तथा पुनर्ताजगी तालिम संचालनका केही तस्विरहरु






बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ रञ्चोकमा प्रविधि हस्तान्तरण उद्यमीहरुको २० % लागत र गाउँपालिकाको ८० % लागतमा देवी लद्यु उद्यमी समूहमा मुढन बनाउदा प्रयोगमा आउने केही मेसिनहरु हस्तान्तरण गर्दाका तस्विरहरु






**तयारीकर्ता**

**दक्षीणा पौडेल**

**उद्यम विकास सहजकर्ता**